# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं. CIST/PSTD

च.नं. ३२९/२०८१/०८२

मितिः २०८१/०९/२६

श्री सम्बन्धित मन्त्रालय/संस्थान ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD)** तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि **Professional Course on Management and Development (PCMD)** सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो **मनोनयन पत्र मिति २०८१/१०/१८ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| ACMD 3 | २०८१/१०/२३ देखि ४० कार्यदिने |
| ACMD 4 | २०८१/१०/२३ देखि ४० कार्यदिने |
| PCMD 8 | २०८१/१०/२८ देखि ३२ कार्यदिने |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- सम्बन्धित मन्त्रालय/संस्थानले सम्भावित सहभागीको नाम सिफारिस गर्दा वरिस्ठताको आधारबाट गर्नुपर्ने छ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ साथै मनोनयन स्वीकृतिको जानकारी इमेलको माध्यमबाट गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संगलन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले **ACMD** का लागि https://forms.gle/GDxgnxX6B3c2PcWL9 र **PCMD** का लागि https://forms.gle/sfjfSzmQxt2Tb21i9 मार्फत **registration** गर्नु पर्नेछ।

रो.भु.

................................

रोशनी भुजेल

अध्ययन उप-निर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
f: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np